bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY

यो ठाउँ नियमित विज्ञापनका लागि खाली छ ।

सम्पर्क : ०६५-५६०९०७

Email : bhanjyangdml@gmail.com

वर्ष ४० अंक ७८ | २०७८ असार २८ गते सोमबार, नेपाल सम्वत् ११४१ July 12, 2021 | पृष्ठ ४ | मूल्य : रू. ५/-

## ऋषिङको मुख्य सडक खण्डको अजम्बरी भिरमा पहिरो, आवतजावतमा कठिनाई

**भञ्ज्याङ समाचारदाता/ऋषिङ**

मनसुनी वर्षासंगै आएको बाढीपहिरोले तनहुँमा ठूलोमात्रमा जनधनको क्षति पुगेको छ । बाढीपहिरोका कारण जिल्लामा अहिलेसम्म छ जनाको मृत्यु भएको छ भने भौतिक तथा कृषि क्षेत्रमा पनि ठूलो क्षति पुगेको छ । भौगोलिक भू-बनोटका हिसावले बाढी र पहिरोको उच्च जोखिममा छ तनहुँ। यस वर्षको मनसुनी वर्षाले पनि गत वर्षको जस्तै गरी ठूलो जनधनको क्षति पुऱ्याएको छ । तनहुँको बन्दिपुर, ऋषिङ गाउँपालिका क्षेत्र पहिरोको चपेटामा परे भने म्याग्दे, शुक्लागण्डकी लगायतका क्षेत्र बाढीको चपेटामा पर्दा धनजनको क्षति पुगेको छ । बाढीपहिरोले के कती क्षति पुग्यो त्यसको यथार्थ विवरण आउन सकेको छैन ।

गत हप्ता परेको अविरल झरीका कारण ऋषिङ गाउँपालिकामा ठुलो क्षति पुगेको छ । गत बिहीबार बिहान आएको पहिरोमा परी एकैगाउँका २ जनाको ज्यान गएको छ । एकै गाउँका दुई जनाको पहिरोमा परी मृत्यु भएपछि अहिले गाउँ शोकमा डुबेको छ । अविरल झरीसंगै बाढी पहिरो आउँदा करिव ३ दर्जन घर पूर्णरूपमा क्षति भएका छन् । बाढी पहिरोले सडक, विद्युत, खानेपानी तथा कृषकको खेत बारीमा ठुलो क्षति पुऱ्याएको छ ।

यस्तै, ऋषिङ-८ स्थित अजम्बरी भिरमा गएको पहिरोका कारण गाउँपालिका क्षेत्रमा यातायात सेवा अवरूद्ध हुन पुगेको छ। पाँचदिनदेखि अवरूद्ध सडक अझै सुचारू हुन सकेको छैन । अजम्बरी तीर्थस्थल नजिकै गत बिहीबार आएको पहिरोले करिव आधा किलोमिटर पक्कि सडक पहिरिएको छ । उक्त स्थानमा पहिरो जाँदा गाउँपालिकाको कार्यालय भवन तथा त्यस क्षेत्रबाट अन्यत्र आउजाउ गर्न पूर्ण रूपमा बन्द भएको ऋषिङ-७ कोटदरवारका इन्द्र आलेले बताए।



ऋषिङ गाउँपालिकाको मुख्य सडक खण्ड अन्तर्गत अजम्बरी भिरमा पहिरोका कारण भासिएको सडक । यस भिरमा करिब आधा किलोमिटर दुरीको सडक पहिरोका कारण अवरूद्ध भएको छ । *तस्विर : भञ्ज्याङ*

'पहिरोका कारण गाउँपालिकासम्म पुग्ने सडक अवरूद्ध हुँदा दमौली रेडक्रस तथा अन्य संघसंस्थाबाट आएका राहत सामाग्री गाउँका पहिरो पीडितलाई बाढ्न समेत सकेका छैनौं', रेडक्रस सोसाइटी कोटदरबार उपशाखाका सभापति समेत रहेका आलेले भने, 'गाउँपालिका क्षेत्रमा सानाठुला पहिरोले विद्युतका पोलहरू समेत ढालेका छन् । पहिरोले पोल ढालिदिंदा गाउँका केही क्षेत्र चार दिनदेखि अन्धकार छन् । विद्युत सेवा नहुँदा ग्रामीण क्षेत्रका बासिन्दा सञ्चार सम्पर्क विहिन अवस्थामा पुगेका छन् । ग्रामीण सडकहरू पहिरोका कारण अवरूद्ध हुँदा तत्काल कोही गाउँबासीमा गम्भिर स्वास्थ्य समस्य देखिए तत्काल उपचार सेवा पाउने अवस्था समेत छैन ।'

पहिरोका कारण गाउँपालिकाको वडा नम्बर ५, ६, ७ र ८ का क्षेत्रमा विद्युत सेवा अवरूद्ध भएको छ । विद्युतका पोल मर्मतका लागि प्राविधिक बोलाएपनि झरी नरोकिदा काम हुन नसकेको स्थानीय बेलबहादुर आलेले बताए। 'पानी परिरहेको र पहिरो पनि पन्छाउन सकिएको छैन', उनले भने, 'पहिराले लगभग आधा किलोमिटर सडक भाँसिएको छ र अजम्बरी भिरको एक स्थानमा बाटो नै बगाएर खोल्सो बनाएको छ । त्यस ठाउँमा पैदल हिड्न पनि मुस्किल छ ।'

मनसुनी वर्षा सुरू भएसंगै ठुलो झरीका कारण गाउँपालिकाका विभिन्न क्षेत्रमा बाढी पहिरोले ठुलो क्षति पुऱ्याएको प्रमुख प्रशासकीय अधिकृत चण्डिका पौडेलले बताए। 'बाढी पहिरोले गाउँपालिकाको मुख्य सडक खण्डको अजम्बरी भिरमा करिव आधा किलोमिटर दुरी भासिएकाले उक्त सडक मर्मत सुधार गाउँपालिकाको एकल प्रयासमा सम्भव छैन', उनले भने, 'संघ, प्रदेश सरकार तथा अन्य सम्बन्धित निकायले सडक निर्माणका लागि चासो नदेखाए गाउँपालिका बासिन्दाले ठुलो समस्य झेल्नुपर्ने अवस्था छ ।

## डाईभर्सन निर्माण पछि यातायात सञ्चालन

**भञ्ज्याङ समाचारदाता/दमौली**

बुद्धसिं मोटर मार्ग अन्तर्गत छाब्दी खोला पुल बाढीले बगाए पछि अवरूद्ध मार्ग सञ्चालनमा ल्याइएको छ । गत हप्ता अविरल झरीसंगै आएको छाब्दी खोलामा आएको बाढीले व्यास-१ र १३ जोड्ने



पक्कीपुल भत्काएको थियो। व्यास नगरपालिकाको सक्रियतामा ह्यूम पाइप राखिए अस्थायी डाईभर्सन निर्माण गरिएपछि यातायातका साधन सञ्चालनमा आएको पुल अनुगमन समितिका संयोजक यामबहादुर आलेले ट्याक्टर लगायतका साधन सञ्चालनमा आएको बताए ।

नेपाली सेना र सशस्त्र प्रहरीको श्रमदानबाट छाब्दी खोलामा डाईभर्सन निर्माण तयारी गरिएको छ । उक्त डाईभर्सन निर्माण कार्यको निवर्तमान सांसद कृष्ण कुमार श्रेष्ठ किसान र व्यास नगरपालिकाका नगर प्रमुख वैकुण्ठ न्यौपानेले निरीक्षण गरेका थिए ।



व्यास-१ र १३ जोड्ने छाब्दीखोलाको बाढीले भत्किएको पुलको आइतबार निरीक्षण गर्दै विघटित प्रतिनिधिसभा सदस्य कृष्णकुमार श्रेष्ठ। सो क्रममा उनले यस ठाउँमा छिट्टै बेलिब्रिज जडान गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो । *तस्विर : भञ्ज्याङ*

यस्तै, श्रेष्ठले संघ सरकारले बेलिब्रिज स्थापनामा सघाएको भन्दै उक्त कामका लागि आफु लागि परेको बताए। व्यास नगर प्रमुख न्यौपानेले नगरपालिकाले तत्काल आवतजावत खुलाउन डाईभर्सन निर्माणमा बजेट विनियोजन गरेको बताए । डाईभर्सन निर्माणसंगै बुद्धसिं मोटर मार्ग र भित्री तथा ग्रामीण सडक खण्डमा यातायात सञ्चालनमा सहज हुनुका साथै प्रभावित क्षेत्रका कृषकको उपजलाई बजारीकरणमा सहज भएको छ ।

## गण्डकी कांग्रेस : ११ जिल्ला सभापतिमा को को छन् आकाङ्क्षी

**नरहरि पौड्याल/पोखरा**

नेपाली काँग्रेसको १४औं महाधिवेशनको मिति नजिकिएसँगै गण्डकी प्रदेशका ११ जिल्लामा नेतृत्वका लागि चर्चा हुन थालेको छ। काँग्रेसको केन्द्रीय समिति बैठकले जिल्ला अधिवेशन साउन २६ गते गर्ने निर्णय गरेसँगै जिल्ला नेतृत्वका आकांक्षीहरू आफ्नो पक्षमा माहोल बनाउन लागिपरेका छन् । जिल्ला नेतृत्वका लागि शेरबहादुर देउवा पक्ष र रामचन्द्र पौडेल पक्षबीच मुख्य प्रतिस्पर्धा हुने देखिएको छ । पौडेलको गृह प्रदेश रहेकाले पनि गण्डकी प्रदेशमा उनको राम्रो प्रभाव मानिन्छ। अर्कोतिर देउवा पक्षले पनि पौडेल पक्षलाई कसरी कमजोर तुल्याउन सकिन्छ भन्नेबारे आवश्यक रणनीति बनाउन थालेको छ । अघिल्लो अधिवेशनमा गण्डकीका ११ जिल्लामा देउवा र पौडेल पक्षबीच जिल्ला नेतृत्वका लागि कडा टक्कर भएको थियो । दुवै पक्षले समानजस्तै उपलब्धि हासिल गरेका थिए ।

**कुन जिल्लामा को को छन् आकांक्षी ?**

**कास्की**

गण्डकी प्रदेशको राजधानीसमेत रहेको कास्कीमा काँग्रेसभित्र चुनावी सरगर्मी बढेको छ । आगामी कार्यकालका लागि कास्कीको सभापति बन्न अहिलेसम्म आधा दर्जनभन्दा बढी नेताले लबिङ सुरू गरेका छन्। कास्कीको काँग्रेस सभापति कृष्ण केसीलाई आगामी कार्यकाल दोहोऱ्याउन नेता-कार्यकर्ताबाट दबाब परेको बताइन्छ । पौडेल पक्षका उनले भने एक कार्यकाल नेतृत्व गरिसकेका कारण अब नदोहोऱ्याउने बताउँदै आएका छन् । वर्तमान कार्यसमितिका उपसभापति आइबहादुर गुरूङ, सचिव सुदीपमोहन भट्टराई, पूर्व जिल्ला सचिव तथा वर्तमान क्षेत्रीय सभापति पोषनाथ शर्मा, किशोरदत्त बराल, मनोज गुरूङ, कृष्ण कार्कीले सभापतिमा उम्मेदवार बन्न लबिङ गरिरहेका छन् । त्यसैगरी पार्टीमा लामो समयदेखि योगदान गरेकाले देवराज चालिसे र महादेव गुरूङलाई आगामी कार्यकालका लागि पार्टी सभापति बनाउनुपर्ने भन्दै कार्यकर्ताले आवाज उठाएका छन् । सभापतिका लागि दुवैजनाले दावी नगरेको भएपनि जनस्तरबाट नेतृत्वमा लग्नु पर्ने आवाज उठेपछि चालिसे र गुरूङको समेत चर्चा चलिरहेको छ । केन्द्रमा पनि सभापतिका आकांक्षी धेरै देखिएकाले कास्कीमा पनि को कताको गुटबाट प्रत्यासी बन्ने भन्ने अन्योल छ ।







केन्द्रमा नेताहरू अन्योलमा रहेकाले कास्कीका आकांक्षीहरू कुन गुटमा लाग्ने भन्ने निश्चित नभएको बताइएको छ । कास्की कांग्रेसका प्रभावशाली नेता शुक्रराज शर्माको कित्ता किल्यिर नभएकाले पनि कास्कीमा अन्योलता बढेको छ । उनी कुन समुहमा लाग्छन्, त्यसले पनि कांग्रेसको सन्तुलनलाई प्रभाव पार्ने अवस्था छ । गत १३ औं महाधिवेशनमा देउवा पक्षमा लागेका शर्मा पछिल्लो समय रामचन्द्र पौडेल र शशांक कोइरालासँग निकटता बढेकाले आगामी दिनमा उनी पौडेल समुहमा रहने सम्भावना रहेका बताइन्छ ।

**पर्वत**

महाधिवेशन नजिकिएसँगै पर्वतमा पनि काँग्रेसमा नेतृत्व हत्याउनका लागि आकांक्षीहरूको भीड लाग्न थालेको छ । आगामी महाधिवेशनमा काँग्रेसको जिल्ला सभापति बन्नका लागि पुरानादेखि नयाँ पुस्ताका एक दर्जनभन्दा बढी आकांक्षी देखिएका छन् । वर्तमान कार्यसमितिका सभापति खिमप्रसाद भुसाल, कुश्मा नगरपालिकाका मेयर युवराज जोशी, काँग्रेसमा निवर्तमान कोषाध्यक्ष रामकृष्ण मल्ल, बसन्तबहादुर सिके, दुर्गाबहादुर खत्री, नवराज गुरूङ, राम शर्मा पौडेल, खगेन्द्र तिवारी, राजेन्द्र तिवारी, रामचन्द्र जोशी, गंगाधर तिवारी, विश्वप्रकाश प्रसाई र गंगाराज शर्माले सभापतिमा उमेदवार बन्न लबिङ गरिरहेका छन् । आकांक्षीमध्ये, बसन्तबहादुर सीके, दुर्गाबहादुर खत्री, खगेन्द्र तिवारी, रामचन्द्र जोशी र गंगाराज शर्मा पौडेल समूहका हुन भने अन्य देउवा समूहका हुन् ।

जिल्लामा देउवा समूहमै समेत दुई प्यानल रहेको बताइन्छ। देउवा निकट मानिने प्रभावशाली नेता अर्जुन जोशीले समर्थन गर्ने उम्मेदवारविरूद्ध देउवा समूहकै नेताहरू असहयोग गर्ने रणनीतिमा छन्। जोशी विरूद्धको देउवा समूह र पौडेल समूहबीच जिल्लामा नेतृत्वका लागि तालमेल हुने सम्भावना रहेको बताइएको छ । जोशीले केन्द्रीय नेतृत्वसँग आफ्नो निकट सम्बन्ध रहेका कारण जिल्लाका नेता कार्यकर्तासँग समन्वय नगरी केन्द्रको शक्तिका प्रभावमा जिल्ला राजनीतिमा आफ्नो हैकम जमाउन खोजेको आरोप देउवा पक्षकै असन्तुष्ट नेता तथा कार्यकर्ता बताउँछन् ।

**बागलुङ**

काँग्रेसको जिल्ला सभापतिका लागि बागलुङमा पनि आकांक्षीहरू दौडधुपमा सक्रिय देखिएका छन् । अहिले बागलुङमा सभापतिका लागि आधा दर्जन बढी आकांक्षी देखिएका छन् । वर्तमान पार्टी सभापति दिपेन्द्रबहादुर थापा दोस्रो कार्यकालका लागि दावी गरिरहेका छन् । त्यसैगरी अघिल्लो अधिवेशनमा सभापतिका प्रत्यासी रहेका जगदीशचन्द्र उपाध्याय, पूर्वजिल्ला सभापति तथा संविधानसभा सदस्य प्रकाश शर्मा पौडेल, वर्तमान पार्टी सचिव नवराज पौडेल, क्षेत्र नम्बर २ का वर्तमान सभापति द्रोण कुँवर, क्षेत्र नम्बर १ का सभापति चिरञ्जीवी गौतम, महाधिवेशन प्रतिनिधि जगन्नाथ आचार्य पनि सभापतिका आकांक्षी देखिएका छन् ।

बाँकी अन्तिम पेजमा

## सम्पादकीय

# लापरवाही बढ्दो

स्थानीय प्रशासनले जिल्लामा अहिले निषेधाज्ञा खुकुलो बनाएको छ । निषेधाज्ञा खुकुलो बनेसंगै अहिले सार्वजनिक यातायातका साधानदेखि सबै व्यापार व्यवसाय सञ्चालनमा आएका छन् । सार्वजनिक यातायातका साधान सञ्चालनमा आएपछि सर्वसाधारणहरूले पनि आफ्नो दैनिकी लयमा फर्काउँदै लगेका छन्। तर, कोरोना भाइरस संक्रमणको जोखिम भने हटेको छैन । जिल्लाको ग्रामीण क्षेत्रमा संक्रमणको दर बढ्दै गएपनि शहर बजार क्षेत्रमा संक्रमणको दर केही घटेको भन्दै गत असार ७ गतेदेखि निषेधाज्ञालाई खुकुलो बनाइएकोमा असार २४ गतेबाट निषेधाज्ञालाई थप खुकुलो बनाउँदै सार्वजनिक यातायातका साधान समेत सञ्चालन ल्याइएको छ । स्थानीय प्रशासनले निषेधाज्ञालाई थप खुकुलो बनाउँदै असार ३१ गतेसम्मलाई लम्ब्याएको छ । अत्यावश्यकसंगै फेन्सी, कस्मेटिक, मोबाइल, पुस्तकपसल लगायतका व्यवसायलाई बिहान ९ देखि दिउँसो ३ बजेसम्मको समयसिमा तोकेर खोल्ने तयारी गरेको छ भने सार्वजनिक यातायातलाई राजमार्ग क्षेत्रमा बिहान ६ देखि साँझ ६ बजेसम्म सञ्चालन गर्न दिने तयारी गरिएको छ । निषेधाज्ञा खुकुलो बनाउँदै लगेपछि अहिले बजार क्षेत्रमा मानिसहरूको चहलपहल बढेको छ । सार्वजनिक यातायातका साधान सञ्चालन नहुँदा व्यापार व्यवसाय लयमा फर्कन त सकेको छैन । तर, समयसिमा तोक्नु भन्दा स्वास्थ्य सुरक्षाका मापदण्डमा कडाई गरी सबै क्षेत्रलाई खुल्ला गराउँदै लग्नुपर्ने व्यावसायीको माग छ । यो विषम् परिस्थितिमा स्वास्थ्य सुरक्षा सामाग्रिको प्रयोग तथा मापदण्ड पालनामा व्यवसायीहरू नै सचेत बन्नुपर्ने व्यवसायीहरू नै बताउँछन् । तर, बजार खुल्दै गएपनि स्वास्थ्य सुरक्षाका मापदण्ड पालनामा भने लापरवाही हुँदै गएको छ । कोरोनासंग त्रसित भएर भाग्ने नभई अब स्वास्थ्य सुरक्षाका मापदण्ड र सरकारद्वारा निर्देशनको पूर्णपालना गरी सबै क्षेत्रलाई खुल्ला गर्नुको विकल्प छैन । व्यवसाय खुल्ला गरिएपछि व्यापारी तथा सर्वसाधारणले स्वास्थ्य सुरक्षाका सामाग्रिको प्रयोग तथा मापदण्ड पालनामा लापरवाही गर्दा जोखिम बढ्ने खतरा बडेको स्वास्थ्यकर्मीले बताउँदै आएका छन्।

अहिले बजार क्षेत्रमा संक्रमणको दर केही घटेको देखिए पनि ग्रामीण क्षेत्रमा संक्रमण दर बढेको छ । सबै क्षेत्र खुल्ला गर्दा नागरिकस्तरबाट लापरवाही हुँदा संक्रमण पुनः फैलने हो कि भन्ने जोखिम पनि बढेको छ । यस्तै, संक्रमणजन्य रोग सधै आइरहने हुँदा त्रसित भइर भाग्ने होइन अब यस्ता रोगसंग कसरी सुरक्षित हुन सकिन्छ त्यसका विकल्पहरू प्रयोग गरी सबै क्षेत्रलाई चलायमान बनाउनुको विकल्प पनि छैन । मानिसमा रोगसंग लढ्ने प्रतिरोधात्मक क्षमता अभिवृद्धिका लागि खानपिन, सरसफाई, खोपको व्यवस्थापन तथा नागरिकमा स्वास्थ्य सचेतना अभिवृद्धि गरी कोरोना कहरले थलपरेका क्षेत्रलाई पुनः लयहमा फर्काउनु पर्दछ । कोरोना भाइरस संक्रमण जोखिम कायमै रहेको हुँदा स्वास्थ्य सुरक्षाका सामाग्रि तथा मापदण्ड कडाईका साथ पालना गर्न र यदी लापरवाही भएमा दण्ड सजायको समेत व्यवस्था गरी व्यवसाय खुलाउन आग्रह गरिएपनि व्यवसायी तथा नागरिकस्तरबाट लापरवाही हुँदै आएको तनहुँ प्रशासनले बताउने गरेको छ । अहिलेको विषम् परिस्थितिमा नागरिकको स्वास्थ्य सुरक्षा नै महत्वपूर्ण भएकाले यस तर्फ सबै सचेत बन्नु पर्दछ । स्वास्थ्य कार्यालय तनहुँको पछिल्लो तथ्याङ्क अनुसार ३ हजार ५३३ जना कोरोना संक्रमित मध्ये ३ हजार ५१ जना निको भएका छन् भने ९० जनाको संक्रमणका कारण मृत्यु भएको छ । ३९२ जना सक्रिय संक्रमित रहेका छन्। तनहुँमा अहिले पनि दैनिक कोरोना संक्रमित थपिने गरेका छन् । कोरोना संक्रमितलाई समाजले गर्ने व्यवहारमा परिवर्तन नआउँदा मिल्दाजुल्दा लक्षण देखिएका व्यक्तिहरू परीक्षणको दायरामा नआउँदा संक्रमण रोकथाम तथा नियन्त्रणमा चुनौती थपिएको छ । त्यसैले लापरवाही नगरौं, संकास्पद लक्षण देखिएमा स्वास्थ्य परीक्षण गरी आफु, परिवार र समाजलाई सुरक्षित बनाउनु हामी सबैको कर्तव्य र नागरिक दायित्व हो ।

# नेपालका सुरूङमार्गका इतिवृत्त : नागढुंगाको गौरव गर्न लायक प्रगति

नारायण न्यौपाने

मुलुकमा कोभिड–१९ संक्रमण जोखिम बढेसँगै दुई वटा लकडाउन भई कतिपय राष्ट्रिय गौरवका आयोजना पनि थला परिरहेका बेला नागढुङ्गा सुरूङमार्ग निर्माण प्रगति भने गौरव गर्न लायक पाइएको छ । कोरोना महामारीका कारण देशभर नै बन्दाबन्दी रहेको अवस्थामा जोखिम न्यूनीकरणका हरसम्भव उपाय अवलम्बन गरी अत्याधुनिक उच्च प्रविधिमार्फत आयोजनाले कामलाई तीव्रता प्रदान गरेसँगै कठिन समयमा पनि उपलब्धि हासिल गर्न सम्भव भएको हो। निर्माण कार्यलाई तीव्ररूपमा अघि बढाउने सन्दर्भमा केही विदेशी तथा ५० नेपाली इञ्जीनियरसहित ६०० भन्दा बढी मजदुरको अहोरात्र परिचालनपछि हाल आयोजनाको समग्र भौतिक १५.९ र आर्थिक प्रगति २५.५५ पुगेको आयोजना प्रमुख नरेशमान शाक्यले जानकारी दिनुभयो । काठमाडौंको बलम्बुस्थित तोतीपाखाबाट शुरू भई धादिङको सिस्नेरीखोलामा पुगेर अन्त्य हुने मूल सुरूङ २५८ मिटर र सहायक सुरूङको प्रगति ४९९ मिटर पुगिसकेको छ ।



निमार्णाधीन राष्ट्रिय गौरवका आयोजना थानकोट नागढुङ्गा सुरूङमार्गको मुख्य प्रवेशद्वार ।

लकडाउनका कारण लक्ष्यमा पुग्न भएको ढिलाइ दुई महिनाभित्रै सम्बोधन हुने तथा विगतमा छ मिटर खनिँदै आएकामा अहिले दुई सिफ्टमा कर्मचारी खटाएर दैनिक १२ मिटरसम्म सुरूङ अघि बढेको आयोजनाले संसदीय समितिलाई जानकारी गराएको छ। जग्गाको मुआब्जा रू छ अर्बसहित करिब रू २२ अर्ब लगानी अनुमान गरिएको दुई दशमलव ६९ किलोमिटर लामो नागढुङ्गा सुरूङमार्ग विसं २०८० वैशाख १३ (सन् २०२३ अप्रिल २६) अघि नै निर्माण सम्पन्न गर्ने लक्ष्य छ। कोरोना जोखिमलाई ध्यान दिँदै आयोजना परिसरमै ३२ शय्याको आइसोलेशन केन्द्र पनि बनाइएको छ । प्राविधिक तथा मजदुर गरी यसबीचमा आयोजनामा कार्यरत ८६ जनामा कोभिड–१९ देखिएपछि केही दिन काम प्रभावित भएको थियो ।

आयोजनाको शिलान्याससँगै राज्यले नेपाल सुरूङमार्गको युगमा प्रवेशको घोषणा गरेको सन्दर्भमा उक्त निर्माणको सफलताले आधुनिक सुरूङमार्ग बनाउने दिशामा स्वदेशी प्राविधिकलाई ठूलो हौसला प्रदान गर्ने छ ।

अहिले नै मुलुकमा सम्भावना देखिएका १७ सुरूङमार्गको पहिचान गरी भौगर्भिक अध्ययन गर्ने कार्य क्रमशः अघि बढिसकेको छ । हुन त आजभन्दा १०० वर्षअघि चन्द्रशम्शेर जबराकै पालामा थम्सन युनिभर्सिटीमा अध्ययन गरेर फर्कनुभएका इञ्जीनियर डिल्लीजङ्ग थापाले हेटौंडा नजिक चुरियामा निर्माण गर्नुभएको ७६१ फिट लम्बाइको सुरूङलाई नेपालको ऐतिहासिक सुरूङ मानिन्छ । दक्षिण एशियामै सुरूङ नभएका बेला बेलायती ढाँचामा निर्माण गरिएको त्यो नेपालको पहिलो सडक यातायातका लागि बनाइएको सुरूङ १० फिट अग्लो थियो ।

यद्यपि मुलुकमा सडकबाहेक खानेपानी, सिँचाइ र विद्युत् आयोजना समेतका लागि करिब २७५ किमी सुरूङ निर्माण भइसकेको छ तर सवारी साधन गुड्ने अत्याधुनिक सुरूङमार्गका रूपमा नागढुङ्गा रहने छ । नौबिसे–थानकोट सडकखण्डको पिपला घुम्ती उकाल्न र त्यहाँ सडक चौडा गर्न नमिल्ने धरातलीय अवस्थाले राज्यलाई नागढुङ्गा सुरूङ निर्माणका लागि बाध्य बनाएको हो । गह्रौं भारवहन लिएर आउने टूकलगायतका सवारी साधन त्यस स्थानमा बिग्रिएर अघि बढ्न नसक्दा अत्याधिक जाम भई हजारौं यात्रुले दुःखकष्ट बेहोर्नु परिरहेको पृष्ठभूमिसँग नागढुङगा सुरूङ निर्माण सम्बन्ध गाँसिएको छ । सवारी जामबाट मुक्ति पाइने र हैरानी छल्ने विकल्पको सोचले अघि बढाइएको सुरूङ सञ्चालनमा आएसँगै यात्रामा समयका हिसाबले ४० मिनेट बचत र दूरीका हिसाबले साढे चार किमी कम हुनेछ ।

अहिले जामले आक्रान्त भएर घण्टौं कुर्नुपर्ने सबै समस्या हट्नेछ । त्यस सडकखण्डमा दैनिक गुड्ने १४/१५ हजार सवारी साधनको ४० मिनेटका दरले समय बचत हुनेछ । मानिसलाई बचत भएको समयको मूल्य सदुपयोग गर्ने ठूलो अवसर प्रदान हुने छ । त्यहाँ भएको सवारीचापकै कारण विदेश यात्रामा रहने कयौंको हवाई उडान छुट्ने गरेको मात्र नभई एम्बुलेन्समा आएका गम्भीर प्रकृतिका बिरामीले सडकमै देहत्याग गर्नुपरेका घटना धेरै छन् । सडक विभागका महानिर्देशक अर्जुनजङ्ग थापा भन्नुहुन्छ, “सुरूङ निर्माणपछि बिरामी बोकेका एम्बुलेन्स रोकिने छैनन् । बिरामीले समयमै अस्पताल पुगी उपचार पाउने र सही उपचार पाएर बच्ने सम्भावना प्रबल रहन्छ । मानिसको ज्यान पैसासँग तुलना हुन सक्दैन ।”

सुरूङ निर्माणपछि समय, तेल, पार्टपुर्जाका आयुका कारण यातायात साधन सञ्चालन खर्चको कमी मात्र होइन दुर्घटना जोखिम सम्भावना पनि न्यून हुनेछ । साढे नौ मिटर चौडाइको दुई लेन रहने सुरूङको भित्री भाग यातायातका साधन बिग्रिएमा त्यसको दायाँ–बायाँबाट गाडी चलाउन मिल्ने छ । सुरूङभित्र १५ वटा पङ्खा जडान गरिनेछ। उक्त सुरूङको सफल निर्माणसँगै प्रविधि हस्तान्तरण र सीपयुक्त जनशक्ति तयार गर्ने सिकाइका हिसाबले पनि कोसेढुङ्गा सावित हुने महानिर्देशक थापा बताउनुहुन्छ । अप्रत्यक्षरूपमा नागढुङ्गा सुरूङ निर्माणका क्रममा रोडा, ढुङ्गा, गिट्टी, सिमेन्ट र फलाम उपलब्ध गराउने व्यवसायीलाई काम मिलेको छ। यो आयोजना सफलतासँगै नेपालको यातायात क्षेत्रको पहिलो फ्लाइओभर बन्नेछ। सुरूङबाट बाहिरिने सवारी साधनको प्रयोगका लागि काठमाडौंको बलम्बु–थानकोट क्षेत्रमा निर्माण हुने फ्लाइओभर १३० मिटर लामो हुनेछ। सुरूङभित्र आगलागी वा अरू दुर्घटनामा उद्धार गर्न सजिलो होस् भन्नका लागि मूल सुरूङसँगै अर्को सुरूङ रहनेछ। त्यो पनि साना सवारी साधन नै चल्ने क्षमताको रहनेछ। सुरूङभित्रका गतिविधि अध्ययन र अवलोकनका लागि अत्याधुनिक सञ्चार, बत्तीसहित सुविधासम्पन्न नियन्त्रण तथा सूचनाकक्ष रहनेछ । प्रत्येक ३०० मिटरमा आपत्कालीन द्वारको व्यवस्था हुनेछ। सुरूङसँगै दुई अण्डरपास पुल बनाइनेछ । सुरूङ खन्दा निस्केको माटो, ढुङ्गा त्यही प्रयोग गर्न सञ्चयको व्यवस्था मिलाइएको आयोजनाले जानकारी दिएको छ । उक्त आयोजनालाई नियमितरूपमा सञ्चालन गर्न कम्तीमा रू चार करोड ४१ लाख वार्षिक बजेट अनुमान गरिएको जानकारी दिइएको छ । त्यस रकममध्ये ५८ प्रतिशत विद्युत्, २८ प्रतिशत कर्मचारी तलबभत्ता र बाँकी अरू कामका लागि खर्च हुनेछ । सुरूङको मुखमा स्थानीयवासीका उत्पादन बिक्रीसमेत प्रयोजनका लागि अत्याधुनिक सेवा केन्द्र रहनेछ । समय र प्रगतिबीच तालमेल मिलाएर आयोजनाले योजनाबद्धरूपमा काम अघि बढाएको छ ।

### चुनौती

सडक सुरूङ निर्माणको अनुभवमा कमी, गलत ठाउँमा भएमा हुनसक्ने जोखिम, स्थानीयवासीबाट सम्बोधन गर्नै नसक्ने माग र आयोजनालाई हेर्ने गलत दृष्टिकोणलगायत केही आर्थिक, राजनीतिक र स्थानीय समस्या रहेको निर्देशक शाक्य बताउनुहुन्छ । यसैबीच राष्ट्रियसभा दिगो विकास तथा सुशासन समितिले लक्ष्यअनुसारको काम समयमै सक्ने गरी आयोजनाको अद्यावधिक प्रगतिलगायत सम्पूर्ण विवरण विभागको वेबसाइटमा नियमित राख्न शुक्रबार निर्देशन दिएको छ ।

### कहाँ–कहाँ बनाइँदै छ सुरूङ

सुरूङसम्बन्धी कुनै मापदण्ड नभएको

बाँकी तेश्रो पेजमा

इ.नं. १४३/०७३/७४ ला.नं. ६२/०७४/७५
जि.प्र.का.द.नं. २९२१/०७३/७४ पान नं. ६०५६१८१२७
छिम्केश्वरी सामुदायिक विकास तथा सञ्चार केन्द्र तनहुँ द्वारा सञ्चालित
फोन नं. ०६५-५८०४००
रेडियो छिम्केश्वरी
१०६.२ मेगाहर्ज
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: भानु-१, नयाँबस्ती, तनहुँ
Gmail: radiochhimkeshwori@gmail.com
Web: www.radiochhimkeshwori.com.np

ला.नं. ६९/०७५/७६ इ.नं. १०१३/०७४/७५ पान नं. ६०६८७३११०
छिम्केश्वरी मिडिया हाउसद्वारा सञ्चालित
POWER FM 95.6 Get Set Power!
Power fm
95.6 MHz
स्टुडियो: बन्दिपुर-१, चिसापानी डुम्रे, तनहुँ
प्रशारण केन्द्र: बन्दिपुर-8, शिलथोक, तनहुँ
फोन नं. ०६५-५८०५००
Gmail: powerfm95.6@gmail.com
Web: www.powerfm.com.np

## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | | | |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : | ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति | - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स | - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय | -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी | - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली | - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स | ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी | - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- | ५६०१७६ |
| दमौली अस्पताल, दमौली | - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) | - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, | - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद | ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल | - ५६१८११ | टिकट काउण्टर (माइक्रो), | ५६०९०६ |
| एपोलो एम्बुलेन्स | ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ | - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे | - ५८०००७ | नेकपा तनहुँ | - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. | ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली | - ५६००९६ |
| व्यास नगर हस्पिटल : | ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- | ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
साथ दिनेहरु बढ्नेछन् । प्रतिष्ठित काम गर्दै नाम, दाम र इनाम कमाउने बेला छ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
हतारको निर्णयले काम रोकिन सक्छ । बेसुरमा दिइएको वचनले अप्ठ्यारो पर्ला ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
मिहिनेत गर्दा काम प्रारम्भ हुनेछ। तर प्रशस्त दाम भने हातलागी नहुन सक्छ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउनेछ । बलजफ्ती गर्दा समस्या आउन सक्छ ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
व्यवसायमा सामान्य लाभ हुनेछ तर चिताएको दाम नउठ्न सक्छ। मिहिनेतले काम बनाउन सकिनेछ।

**कन्या** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
बेसुरमा खर्च गर्ने बानीले समस्या निम्त्याउनेछ । अर्थअभावले विशेष काम रोकिन सक्छ ।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
सामाजिक काममा रूचि बढ्नेछ। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
पराक्रमद्वारा अधिकार स्थापित हुनेछ । यात्रा गर्दा धनमाल सुरक्षामा ध्यान दिनुहोला ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
सहयोगीहरूले साथ दिनेछन् भने रोकिएका काम पनि सम्पादन गर्न सकिनेछ ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
श्रमको उचित मूल्यांकन हुनेछ भने प्रतीक्षा गरिएको लाभांश पनि प्राप्त हुनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
पहिलेका समस्या दोहोरिनाले अलमल बढ्नेछ । कामको चाप पनि बढ्न सक्छ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अरूका लागि बुद्धि र श्रम खर्चनुपर्ला ।

# विपद् अवस्थाबाट तंग्रिन चाहन्छ मेलम्ची बजार

**सञ्चिता घिमिरे**/मेलम्ची

मेलम्ची नगरपालिका–११ का वडाध्यक्ष रूद्र दुलालको दिनचर्या अहिले बदलिएको छ । गत जेठ मसान्तसम्म उहाँलाई प्रशासनिक कामसँगै वडामा निर्माणाधीन संरचनाको निरीक्षण गर्न भ्याइ नभ्याइ हुन्थ्यो । उहाँ हिजोआज यही असार १ गते मेलम्ची नदीमा लेदोसहितको बाढीले भत्काएका संरचना अवलोकन तथा क्षतिको विवरण संकलन गर्न व्यस्त हुनुहुन्छ । तत्कालका लागि वडावासीलाई बस्ने र खाने व्यवस्था



मिलाउन, मेलम्ची बजारलाई पूर्ववत् अवस्थामा पु¥याउन तथा नदी व्यवस्थापन कसरी गर्ने भन्ने चिन्ता छ उहाँलाई । बजार क्षेत्रमा व्यक्तिगत घर, होटल, रेष्टुरेन्टसहित नगरपालिकाको भौतिक संरचना निर्माणाधीन थिए । अकल्पनीय बाढीले बनिसकेको र बन्दै गरेका संरचना क्षणभरमा भत्किए। केही बजार क्षेत्र बगरमा परिणत भएको छ । बाढीले सरकारी सम्पत्तिमा धेरै क्षति पुऱ्याएको छ। चन्द्रशम्शेरले निर्माण गरेको ऐतिहासिक पुलसहित अन्य पुल पनि भत्किएको छ । वडाध्यक्ष दुलाल बाढी आउने साँझ वडा कार्यालयको काम सकेर बजारमै रहेका बेला उहाँलाई इन्द्रावती गाउँपालिकाबाट बाढी आउँदैछ भन्ने सूचना आयो । उहाँले तत्काल प्रहरीको सहयोगमा बजारबासीलाई सजग हुन माइकिङमार्फत आग्रह गर्नुभयो । कतिपयले पत्याए पनि धेरैजसोले सूचनालाई बास्ता गरेनन् । उहाँले भन्नुभयो, "वडामा भौतिक क्षति हुँदाहुँदै पनि मानवीय क्षति भने तुलनात्मक रूपमा कम गर्न सकियो ।"

उहाँलाई असार १ बिर्सन नसकिने दिन सावित भएको छ । सो दिन साँझ कतिपय व्यक्ति पाकेको खाना नै छाडेर भागे भने कतिले घरको सामानको समेत वास्ता नगरी रित्तै हात परिवार लिएर सुरक्षित गन्तव्यतिर लागे । कतिपय व्यक्तिले केही सामान झिक्न पाए पनि हुने भन्ने आशा गरेको उहाँले बताउनुभयो । रातभरी सबै स्थानीयवासी विद्यालयमा बसे । उहाँ झण्डै १ बजेसम्म विद्यालयमा रहेर त्यसपछि घर फर्कनुभयो । आफ्नो व्यक्तिगत सम्पत्तिमा नोक्सान नभए पनि वडाका अभिभावक भएकाले सबै क्षति आफ्नो भएको उहाँलाई लागेको छ । उहाँको घरभन्दा दुईचार घर यतासम्म पनि बाढी पसेको रहेछ। उहाँले भन्नुभयो, "बिहान हेर्दासम्म हामीले कल्पना पनि गर्न नसक्ने गरी पूरै बजार डुबिसकेको थियो ।"

सो वडामा अहिले एक तलासम्म बाढीले पुरेका १४० घर पूर्ण क्षतिग्रस्त छन् भने ४२ घर उच्च जोखिममा छन् । असार १ गते बजारका धेरै मान्छे त्यस क्षेत्रको सुरक्षित स्थान मानिने इन्द्रेश्वरी माध्यामिक विद्यालय र सेनाको ब्यारेकमा आश्रय लिएकामा विस्तारै कोही भाडामा र कोही सार्वजनिक भवनमा सर्न थालेको वडाध्यक्ष दुलालले बताउनुभयो । कतिपय व्यक्तिको घरको माथिल्लो तलामा रहेका सामान झिक्ने काम भइरहेको छ । नगरपालिकाले यहाँका झण्डै दुई सय घरलाई दुई महिनाको भाडा तिर्ने सहयोग गर्ने भएको छ ।

स्थानीयवासीले अस्थायीभन्दा स्थायी घर नै बनाउन चाहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "वर्षामा जसोतसो निर्वाह गरेर हिउँदपछि पुनःवासका बारेमा सोच्नुपर्छ ।" मेलम्ची नगर प्रमुख डम्बरबहादुर अर्यालले नगरपालिकाले तत्काल बाढी प्रभावित नगरवासीका लागि राहत र व्यवस्थापनका काम गरिरहे पनि दीर्घकालीन रूपमा सङ्घीय र प्रदेश सरकारका सहयोगमा मात्रै व्यवस्थापन गर्न सकिने बताउनुभयो। बाढी आएको दिन माइकिङ गरेर पूर्वसूचना गरी धेरैलाई घर बाहिर ल्याएर सुरक्षित स्थानमा सारिएको र चार जना व्यक्ति घरभित्रै रहेकामा हेलिकप्टरमार्फत उद्धार गरिएको थियो। नगरपालिकाले त्यतिबेला विद्यालय र सैनिक ब्यारेकमा नै बस्ने र खाने प्रबन्ध गरेको थियो। उहाँले भन्नुभयो, "विस्तारै स्थानीयवासी अरूका घरमा बहालमा बस्न थालेका छन् ।"

नगरपालिकाले पूर्ण क्षतिग्रस्त घरको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा लाभग्राही कायम गराउन फाराम पठाएको छ । वातावरण संरक्षणमा काम गर्ने सरकारी र गैरसरकारी संस्थासँग छलफल गरिएको नगर प्रमुख अर्यालले जानकारीदिनुभयो । राहत वितरणमा एकद्वार प्रणाली लागू गरिएको र विपद् व्यवस्थापनमा नगरस्तरीय समितिको गठन गरेर काम भइरहेको उहाँले बताउनुभयो ।

'मेलम्ची बाढीपीडित राहत तथा पुनःस्थापना कोष' मा नगरपालिकाले रू ५० लाख, जनप्रतिनिधिले एक महिना र कर्मचारी र शिक्षकले तीन दिनको तलब जम्मा गरेको जनाइएको छ । उहाँले भन्नुभयो, "अरू व्यक्ति र संस्थाबाट पनि सहयोग आइरहेको छ ।" नगरपालिकाले मेलम्ची र इन्द्रावती नदीलाई पहिलेको अवस्थामा फर्काउन १० स्काभेटरको प्रयोग गरिरहेको छ । नदीको कटान रोक्न ढुङ्गाको प्रयोग गरी ग्याबिन बक्स भर्ने काम भइरहेको नगर प्रमुख अर्यालले बताउनुभयो । हेलम्बु र पाँचपोखरी थानपाल गाउँपालिसँगको यातायात चालु गर्ने सडक मर्मत र वैकल्पिक सडक खुलाउन ठेक्का सम्झौता गरिएको छ ।

यहाँका झण्डै १८० घरपरिवारलाई पुनःवासका लागि नगरपालिकाले केन्द्र र प्रदेश सरकारको सहयोग आवश्यक रहेको जनाएको छ। मेलम्ची र इन्द्रावतीमा दुई बेलिब्रिज राख्न आवश्यक छ । झण्डै तीन हजार ५०० रोपनी खेतीयोग्य जमीनमा क्षति पुगेकाले इन्द्रावती र मेलम्चीलाई तटबन्ध निर्माण गरी खेतीयोग्य जग्गा संरक्षण गर्नुपर्नेमा उहाँको जोड छ । बस्तीलाई त्यही सुरक्षित गर्ने कि अन्यत्र सार्ने भनी छलफल गरेर निर्णयमा पुग्नुपर्नेमा उहाँको जोड छ। उहाँले भन्नुभयो, "वातावरण र भूगर्भविद्ले मेलम्ची र इन्द्रावती नदी किनाराको बस्ती स्थानान्तरण नै गर्नुपर्ने भनेका छन् तर स्थानीयवासी यहीँ बस्न चाहन्छन् ।"

जिल्ला समन्वय समिति प्रमुख कृष्णगोपाल तामाङले सिन्धुपाल्चोक प्राकृतिक प्रकोपको सधैँ उच्च जोखिममा रहेकाले यसमा संघीय सरकारले ध्यान दिनुपर्छ भन्नुभयो । सरकारले विपद्का समयमा घरबारविहीन भएकालाई पुनःस्थापित गर्न चासो देखाउनुपर्ने उहाँको माग छ । उहाँले भन्नुभयो, "जुरे पहिरोका पीडितले कानुनी उल्झनका कारणले अझै सहयोग पाइसकेका छैनन् ।" रासस

# ब्राजिलमा कोभिडबाट एकै दिन बाह्र सय भन्दा बढीको मृत्यु

**रासस/सिन्ह्वा**/साओ पाओलो

ब्राजिलमा कोभिड–१९ को संक्रमणबाट एकै दिनमा एक हजार २०० भन्दा बढीको ज्यान गएको बताइएको छ । आइतबार यहाँका स्वास्थ्य अधिकारीले सो जानकारी दिएका छन् । उनीहरूका अनुसार यहाँ एकै दिनमा एक हजार २०५ जनाको यस संक्रमणबाट निधन भएको हो । योसँगै ब्राजिलमा अहिलेसम्ममा ज्यान जाने व्यक्तिको संख्या पाँच लाख ३२ हजारभन्दा बढी पुगेको बताइएको छ। ब्राजिलका स्वास्थ्य अधिकारीले आइतबार सो कुरा बताएका छन्। यसैगरी यहाँ गएको २४ घन्टामा ४८ हजारभन्दा बढी व्यक्ति यहाँ संक्रमित भेटिएका छन् । आइतबारसम्ममा यहाँका एक करोड ९० लाख ९८ हजारभन्दा बढी व्यक्ति संक्रमित हुन पुगेको स्वास्थ्य क्षेत्रका अधिकारीले जानकारी दिएका छन् । ब्राजिलको स्वास्थ्य मन्त्रालयले आइतबार दिएको जानकारीमा पछिल्लो समयमा मृत्यु हुने प्रतिशत पनि दिन प्रतिदिन बढ्दै गएको छ । कोरोनाको नयाँ प्रजातिको भाइरसको पनि प्रकोप देखिएको ती अधिकारीले जनाएका छन् ।

ब्राजिलका स्वास्थ्य अधिकारीले दिएको जानकारीअनुसार यहाँका प्रतिएक लाख जनामा २५३ जनाको मृत्यु भएको बताइएको छ । यो मृत्युको प्रतिशत गएका केही महिनाअघि मात्र हेर्दा प्रतिएक लाख जनसंख्या संक्रमणमा कम्तीमा पनि १३३ जनाको ज्यान जाने गरेको पनि बताइएको थियो। ब्राजिलको साओ पाओलो शहर सुरूदेखि नै यो संक्रमणको एक किसीमले केन्द्रबिन्दुको रूपमा रहेको पनि पाइएको छ। यस शहरका स्वास्थ्य संस्था भरिएका छन् भने ती संस्थाका करिब ९१ प्रतिशत जति आकस्मिक कक्ष पनि भरिएका पाइएको छ । यहाँको सरकारले कोभिड–१९ विरूद्धको खोप लगाउने कामलाई प्राथमिकता दिइएको छ। खोप लगाउने कामलाई राष्ट्रिय अभियानका रूपमा सञ्चालन गरिएको बताइएको छ ।

# नेपालका सुरूङमार्ग ......

अवस्थामा नागढुङ्गा आयोजनाले अन्य सुरूङ अघि बढाउन उच्च प्रविधिको प्रयोग, आर्थिक विश्लेषण आकलन गर्ने योग्यता तथा क्षमता बढाउने छ । सामाजिक र वातावरणीय पक्षमा पनि सिक्ने मौका मिलेको छ । नेपाली कालिगड र श्रमिकले पनि आयोजनाबाट धेरै महत्वपूर्ण ज्ञान आर्जन गर्नेछन् । यसकै आधारमा सिद्धबाबा सुरूङ अघि बढ्ने छ । रूपन्देही र पाल्पा सीमा क्षेत्रमा निर्माण हुने सिद्धबाबा सुरूङमार्गको बोलपत्र आह्वान नै भइसकेको छ । बर्सेनि हुने पहिराका घटनामा धेरैको ज्यान गएकाले त्यसलाई रोक्न एक दशमलव एक किलोमिटर लामो सुरूङ निर्माण हुनेछ। त्यसका साथै चरिकोट–तामाकोशी–लामाबगर सुरूङ निर्माण हुँदैछ। काठमाडौँ–तीनकुने–जडीबुटी खण्डमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमुनि सुरूङ निर्माण गर्न जाइकासँग कुराकानी गरिएकामा परामर्शदाता खटाएर अध्ययन भइरहेको छ ।

खुर्कोट–चियाबारी सुरूङमार्ग विपी राजमार्गको मुनि–मुनि निर्माणका लागि अध्ययन सकिएको छ । नवलपरासीको दुम्किवास–दाउन्ने–बर्दघाट क्षेत्रको पनि प्रारम्भिक सम्भव्य अध्ययन भएको छ । आगामी आर्थिक वर्षमा सडक विभागले थप सम्भाव्य अध्ययन गर्ने छ । पाल्पाको प्रभाष–जोर्ते क्षेत्रको पनि काम भइरहेको छ । सरकारको २०७८/७९ को बजेटमा सिद्धबाबा, लामाबगर, धरान–लेउती सुरूङ शुरू गर्न रकम विनियोजन भएको छ । टोखा–छहरे–गुर्जेभन्ज्याङ सुरूङका लागि चिनियाँ सरकारसँग अनुरोध गरिएकामा प्रारम्भिक अध्ययन भएको छ। कुलेखानी–भीमफेदी चीन सरकारले अध्ययन गरेकामा उद्योगी कुशकुमार जोशीको टिमलाई नेपाल पूर्वाधार विकास कम्पनी लिमिटेडमार्फत पिपिपी ढाँचामा बनाउन जिम्मा दिएकामा अल्झेर बसेको छ।

मझिमटार–शक्तिखोर–जोगिमारा निस्कने अर्को सुरूङको पनि सोच अघि बढेको छ । स्वीस सरकारको अनुदानमा गणेशमान मार्गअन्तर्गत थानकोट–चित्लाङसम्म सुरूङको अध्ययन भइसकेको छ। प्रतिनिधिसभा भवन अघिल्लतिर नयाँबानेश्वर चोकमा अण्डरपास बनाउन चीन र जापानसँग कुराकानी भइरहेको जानकारी दिइएको छ । गौशाला–चावहिल अण्डरपासको पनि सोच अघि बढेको छ । भौगर्भिक अवस्थाका कारण पहिराबाट आक्रान्त रसुवागढी–बेत्रावती क्षेत्रमा स–साना सुरूङ निर्माण गर्न चीनले अध्ययन गरिरहेको छ । बबई–छिन्चु सुरूङ अर्को आर्थिक वर्षमा अध्ययन गर्ने सरकारको योजना छ । भक्तपुरको ताथली–काभ्रेरवीओ तथा विपीनगर–खुटिया सुरूङको पनि सोच छ । गोदावरी–काभ्रे–मानेचौरको अवधारणा अघि आएको छ। चेपाङमार्ग–मलेखु क्षेत्रको महाभारमा सुरूङ मार्गको माग छ। तीमध्ये नागढुङ्गा, सिद्धबाबा र लामाबगर पहिलो प्राथमिकता प्राप्त आयोजना हुन् । कसलाई प्राथमिकता दिने, यातायातको चाप कुनमा छ, छिटो बनाउँदा केबाट फाइदा हुन्छ आदि विषयको अध्ययनपछि ढाँचा र रकम सुनिश्चित गरेर मात्र आयोजनालाई अघि बढाइने सडक विभागको भनाइ छ । मध्यपहाडी, मदन भण्डारी र सिद्धार्थ राजमार्गको यात्रालाई छिटो छरितो र सुरक्षित तुल्याउन स–साना सुरूङ बनाउनुपर्छ भन्ने सोच सरकारले अघि सारेको छ। नेपाल सुरूङ युगमा प्रवेश गरिरहँदा अध्ययन, विश्लेषण र अभ्यासका काम एकैसाथ अघि बढेको छ । रासस

**स्वास्थ्य परीक्षण सम्बन्धी सुचना !**

**हाम्रा उपलब्ध सेवाहरू :**

दैनिक मेडिकल अफिसर **डा. हेमन्त श्रेष्ठ**द्वारा बिरामीको स्वास्थ्य परीक्षण गरिन्छ । प्याथोलोजी(Lab) जस्तै sugar fasting, PP, thyroid, Hba1c , RFT, LFT, Lipid profile, रगत सम्बन्धी सम्पुर्ण जाँच । Vedio x-ray सेवा, ECG सेवा, घाउ Dressing, Suturing सेवा, गुणस्तरीय फार्मेसी सेवा दिनुको साथै Regular खाने सुगर, प्रेशर, मुटु, मानसिकका औषधीहरू पनि बिक्रीवितरण गरिएको छ ।

**सामाजिक दुरी कायम गरी उपचार गरिने छ ।**

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

ब्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५

**NOVEL CORONA VIRUS (COVID-19)**

**सर्वसाधारणका लागि जनचेतनामूलक सन्देश**

नोभल कोरोना भाइरसका मुख्य लक्षणहरू

ज्वरो (१००.४° f भन्दा माथि)

श्वासप्रश्वासमा अत्याधिक समस्या

रूघा र खोकी

कोरोना प्रभावित देशहरूबाट आएका मानिसहरूमा यदि दुई हप्ता भित्र रूघा-खोकी लाग्ने, ज्वरो आउने, घाटी टाउको दुख्ने, श्वास-प्रवासमा अत्याधिक समस्या हुने जस्ता समस्याहरू देखिएमा तुरून्त नजिकको स्वास्थ्य संस्थामा गई चेक जाँच गराऔं ।

नोभल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने ?

नियमित रूपमा साबुन पानीले हात धूने

खोक्दा र हाछ्यूँ गर्दा नाक र मुख छोप्ने ।

फ्लू जस्तो लक्षण (Flu Like Symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने

फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने

जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने

पशूजन्य मासू तथा अन्डा राम्रोसँग पकाएर मात्र खाने

सार्वजनिक हितका लागि जारी सन्देश

भञ्ज्याङ पब्लिकेशन प्रा.लि.

दमौली, तनहुँ । फोन : ०६५-५६०९०७, ९८५६०६०३७६

www.bhanjyangnews.com, Email : bhanjyangdml@gmail.com

जि.का.कास्की द.नं. ११/२०३९/०४०, जि.प्र.का. तनहुँको स्वीकृत मिति: २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**ग्राहकको पर्खाइ** : दमौलीको सडक पेटीमा तरकारी बिक्रीका लागि ग्राहकको पर्खाइमा व्यापारीहरू । स्थानीय प्रशासनले निषेधाज्ञा खुकुलो बनाएसंगै कोरोना संक्रमण जोखिमका बीच सर्वसाधारणहरू दैनिकी लयमा फर्काउने प्रयासमा छन् । *तस्विर : नारायण खड्का/भञ्ज्याङ*

# गण्डकी कांग्रेस : ११ जिल्ला ...........

यसअघि सभापतिको प्रत्यासी रहेर दीपेन्द्र थापालाई समर्थन गरेका प्रदेश सांसद मणिभद्र शर्मा कँडेलले भने यसपटक आफू सभापतिको रेसमा नरहेको बताएका छन्। गत महाधिवेशनमा पराजित भएका उपाध्यायलाई यसअघिका सभापति प्रकाश शर्मा पौडेलले जिल्ला नेतृत्वको प्रतिस्पर्धामा साथ दिएका छन् । केन्द्रीय राजनीतिमा पौडेल र कँडेल दुवै रामचन्द्र पौडेल पक्षका हुन् । निवर्तमान सभापति थापा भने देउवा पक्षका हुन् । उपाध्यायलाई टक्कर दिन संस्थापन पक्षबाट थापामात्रै बलियो उम्मेदवार भएको चर्चा छ । जिल्ला सचिव नवराज पौडेलले सभापतिका लागि प्रचार अभियान नै थालिसकेका छन्। केन्द्रीय समीकरणमा फेरबदल भए पनि जिल्लामा स्वाभाविकरूपमा आफ्नो दाबी रहने उनले बताए । उनले आफूलाई कुनै पक्षको नरहेको बताए पनि कार्यकर्ता तहमा उनी पौडेल पक्षका रूपमा परिचित छन् । आचार्य शिक्षक पेशाबाट राजनीतिमा आएका हुन् । २०४२ सालमै विद्यार्थी संगठन निर्माणमा भूमिका खेलेका उनले आफू सबैभन्दा सिनियर उम्मेदवार भएकाले आगामी महाधिवेशनमा सभापतिको उम्मेदवार बन्न लागेको दावी गरेका छन् । उपाध्याय अघिल्लो निर्वाचनमा पहिलो चरणमा धेरै मत ल्याएका र पौडेल समूहको एकमात्रै उम्मेदवार भएकोले सहजै अगाडि बढ्न सक्ने उनका समर्थकहरूको दाबी छ ।

**म्याग्दी**

म्याग्दीमा जिल्ला सभापतिका लागि आधा दर्जनभन्दा बढी आकांक्षी देखिएका छन् । महाधिवेशनमा हालका जिल्ला सभापति खमबहादुर (खमविर) गर्बुजा दोस्रो कार्यकालका लागि दाबी गर्दैछन् । काँग्रेसका पूर्व सभापति रेशम बहादुर बानियाँ, नेत्रबहादुर महत, माधव रेग्मी, सचिव मिनबहादुर कार्की र जिल्ला सदस्य केबी भण्डारी पनि सभापतिका आकांक्षी देखिएका छन् । यीमध्ये गर्बुजा नै अहिलेसम्मका बलिया दाबेदार हुन् । उनी म्याग्दी काँग्रेसको सभापति बनेपछि पार्टीको संगठन मजबुत बन्दै गएको कार्यकर्ताहरूको बुझाइ छ । उनी देउवा समूहका हुन्। अर्का आकांक्षी रेशमबहादुर बाँनिया म्याग्दी काँग्रेसको पूर्व सभापति हुन्। उनी पनि म्याग्दीमा लोकप्रिय नेताका रूपमा चिनिन्छन् । उनी पौडेल पक्षका नेता मानिन्छन् । त्यसैगरी पूर्वसभापति नेत्रबहादुर महत देउवा समूहमा छन्। माधव रेग्मी र मिनबहादुर कार्की कुन समूहमा लाग्ने भन्ने खुलेको छैन । अर्का आकांक्षी केबी भण्डारी शेखर कोइराला निकटका नेता मानिन्छन् । उनी यसअघि जिल्ला सदस्य बनेका थिए ।

**गोरखा**

अन्य जिल्लाको तुलनामा गोरखामा सभापतिका आकांक्षीहरूको संख्या न्युन देखिएको छ । गोरखाका जिल्ला सभापति हरिबहादुर घले आगामी कार्यकालका लागि उम्मेदवार नबन्ने भएका छन् । जिल्ला नेतृत्वका लागि नन्दप्रसाद न्यौपाने, राजनराज पन्त, ईश्वर पाण्डे र किरणबाबु श्रेष्ठ आंकाक्षी देखिएका छन् । पन्त र पाण्डेलाई देउवा समूहका नेता मानिन्छ। सभापतिका अर्का आकांक्षी श्रेष्ठचाहिँ पौडेल समूहका हुन् भने न्यौपाने सिटौला समूहका हुन्। गोरखामा आगामी महाधिवेशनमा यिनै तीन समूहका नेताबीच प्रतिस्पर्धा हुने अनुमान गरिएको छ । तर, केन्द्रका नेताहरू कुन समूहमा लाग्ने भन्ने अन्योलमा रहेकाले गोरखामा आकांक्षीहरू कुन गुटमा लाग्ने भन्ने निश्चित नभएको बताइएको छ ।

**स्याङ्जा**

नेपाली काँग्रेसका पूर्व उपसभापति गोपालमान श्रेष्ठको गृह जिल्ला स्याङ्जामा जिल्ला अधिवेशनको विशेष रौनक छ । श्रेष्ठले केन्द्रमा सभापतिको दाबी गरेसँगै जिल्लामा चुनावी सरगर्मी बढेको हो । स्याङ्जामा जिल्ला सभापतिका लागि आधा दर्जन बढी नेताले लबिङ सुरू गरेका छन्। गोपालमान श्रेष्ठको सहयोगमा जिल्ला सभापति बनेका कमल पंगेनीको गत वर्ष मृत्यु भएपछि कार्यवाहक सभापति बनेका बुद्धिबहादुर (कुमार) राना सभापतिको मुख्य दाबेदार देखिएका छन् । गोपालमान श्रेष्ठ निकट उनीसँगै प्रदेश सांसद भागवत प्रकाश मल्ल र छाँयाराम खनालले पनि उम्मेदवारी दिने भएका छन् । पौडेल समूहबाट भने राजु थापा, मोहन पाण्डे र कल्पना तिवारीमध्येबाट उम्मेदवारी दिने चर्चा चलेको छ । श्रेष्ठ प्यानलबाट राना र मल्ल दुवै सशक्त दाबेदार मानिएका छन्। जसले गर्दा दुवैलाई मिलाउन श्रेष्ठलाई चुनौती थपिएको छ । रानाले लामो समयदेखि कार्यवाहक सभापतिको जिम्मेवारी सम्हालेका कारण उनलाई नै एक कार्यकाल सभापतिमा ल्याउनु पर्ने पक्षमा श्रेष्ठ रहेको बुझिएको छ । यता पौडेल प्यानलबाट तीनजना आकांक्षीमध्ये कुनै एकलाई उम्मेदवार बनाउने विषयमा छलफल भइरहेको बताइन्छ ।

**तनहुँ**

वरिष्ठ नेता रामचन्द्र पौडेलको गृहजिल्ला तनहुँमा जिल्ला सभापति बैकुण्ठ न्यौपाने स्थानीय तहको निर्वाचनमा ब्यास नगरपालिकाको मेयरमा निर्वाचित भएपछि उनको स्थानमा सभापतिको जिम्मेवारी जितप्रकाश आलेले सम्हाल्दै आएका छन् । न्यौपानेले जिल्ला सभापतिमा दाबी गर्ने हो या होइन भन्ने प्रस्ट भइसकेको छैन । तर, उनी निकटस्थहरूले महाधिवेशनमा न्यौपाने सभापतिको आकांक्षी रहेको बताउने गरेका छन् । लामो समयदेखि कार्यवाहक सभापतिको जिम्मेवारी सम्हाल्दै आएका जितप्रकाश आलेसहित रामचन्द्र अधिकारी, कृष्ण गौतम र लक्ष्मी आचार्य पनि सभापतिका लागि लबिङ गरिरहेका छन् । सभापतिका आकांक्षीमध्येका जितप्रकाश आले शंकर भण्डारी र ध्रुव वाग्ले निकट भए पनि पौडेलसँग समेत राम्रो सम्बन्ध बनाएकाले समर्थन पाउने विश्वासमा छन् । अर्का आकांक्षी कृष्ण गौतम विगतमा गोविन्दराज जोशीको प्यानलबाट रामचन्द्र पौडेल निकटका न्यौपाने विरूद्ध उम्मेदवार बनेका थिए। लामो समय जोशीसँग निकट रहेका कारण उनलाई पौडेलले विश्वास गर्ने सम्भावना न्युन छ । तनहुँमा बैकुण्ठ न्यौपाने र जितप्रकाश आलेमध्येबाट एक जनालाई सभापतिका रूपमा आगाडि बढाउने सम्भावना रहेको कार्यकर्ताहरू बताउँछन् ।

**लमजुङ**

लमजुङमा हालका जिल्ला सभापति भेषबहादुर पौडेल नेतृत्वको दाबीमा छैनन् । पौडेल पक्षका उनी नयाँ पुस्तालाई नेतृत्व हस्तान्तरण गर्ने योजनामा छन् । लमजुङमा महासमिति सदस्य डा. टकराज गुरूङ, रमेशकुमार पाण्डे, सचिव हरि बराल र क्षेत्रीय सभापति बृषराज गुरूङले सभापतिमा उम्मेदवार बन्न लबिङ गरिरहेका छन्। आकांक्षी मध्येका डा. टकराजलाई देउवा समूहको मानिन्छ । उनी हाल काँग्रेसको महासमिति सदस्यसमेत हुन् । रमेशकुमार पाण्डे, हरि बराल र बृषराज गुरूङ भने पौडेल समूह निकट मानिन्छन् । उम्मेदवारमध्ये रमेशकुमार पाण्डे मध्यनेपाल नगरपालिकाका मेयर तथा महासमिति सदस्य हुन् भने हरि बराल जिल्ला सचिव हुन् । त्यस्तै बृषराज गुरूङ क्षेत्रीय सभापति हुन्।

**नवलपरासी पूर्व**

कान्छो जिल्लाका रूपमा चिनिएको नवलपरासी पूर्व (नवलपुर)मा काँग्रेसको जिल्ला सभापतिका लागि वर्तमान सभापति विष्णु लामिछानेको प्रवल दाबी छ । गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको गृह जिल्लासमेत रहेको नवलपुरमा महेन्द्रध्वज जिसी र बालकृष्ण घिमिरे पनि सभापतिका आकांक्षी देखिएका छन् । आकांक्षीहरू सबै पौडेल पक्षका हुन्। पौडेल पक्षमा पनि विष्णु लामिछाने र बालकृष्ण घिमिरे शशांक कोइराला निकट मानिन्छन् भने महेन्द्रध्वज जिसी पौडेल निकट हुन् । नवलपुरमा हालसम्म देउवा पक्षका आकांक्षी देखिएका छैनन्। आकांक्षीमध्येका विष्णु लामिछाने गण्डकी प्रदेशसभा सदस्यसमेत हुन् भने जिसी पूर्व सांसद हुन् । बालकृष्ण घिमिरे भने जिल्ला सचिव हुन् ।

**मुस्ताङ**

हिमाल पारिको जिल्ला मुस्ताङमा महाधिवेशनको खासै रौनक देखिँदैन। एउटामात्र संघीय निर्वाचन क्षेत्र भएको मुस्ताङमा महाधिवेशन नजिकिए पनि जिल्ला सभापतिका आकांक्षी देखिएका छैनन् । मुस्ताङमा काँग्रेस सभापति याङजिङ बिष्टले पुनः उम्मेदवारी दिने वा नदिने भन्ने खुलेको छैन । महाधिवेशन नजिकिए पनि कसले आगामी नितृत्व लिने भन्ने विषयमा छलफल नै नभएको पूर्वमन्त्री रोमी गौचन थकालीले बताए। उनले मुस्ताङमा जिल्ला सभापतिमा हालसम्म कसैले दाबी नगरेको बताए। उनले भने, 'छिट्टै बैठक बसेर सभापति को बन्ने भन्ने टुङ्गो लगाउँछौं, हाम्रो जिल्लामा सल्लाह गरेर नेतृत्वमा पठाउने हो, त्यसका लागि कुनै समस्या छैन, बैठक बसेर एकैछिनमा निर्णय गर्न सक्छौं ।' थकालीले मुस्ताङमा कुनै नेता समर्थक गुट, उपगुट नरहेको दाबीसमेत गरे ।

मनाङ :गण्डकी प्रदेशका ११ जिल्लामध्ये मनाङ जिल्लामा जिल्ला नेतृत्वको आकांक्षीको विवरण प्राप्त हुन सकेको छैन । रातोपाटीबाट

![facebook twitter]



**सबिना**
twitter.com/sabu232
अहंकार त्यही मानिसलाई हुन्छ जसले मिहिनेत नगरी सफलता पाएको हुन्छ । मिहेनती मानिसले त अरूको मिहेनत बुझेको हुन्छ । त्यसैले मिहेनति मानिस अहंकार हैन ज्ञानि भरिएको हुन्छ ।



**नविन कटेल**
twitter.com/kattelnabin1435
कमजोर र अज्ञानी मानिसहरू तपाईंको हर प्रयत्न माथी प्रहार गरेर लडाउन खोज्छन् ! तर शक्तिशाली र विवेकी मानिसहरू तपाई संग साथमा साथ, काधमा काध मिलाएर उनीहरू जस्तै बनाउन चाहन्छन् ।



**प्रिती श्रेष्ठ**
twitter.com/prityshrestha01
जिन्दगीमा यो गुन र सुन भन्ने चिज यति महङ्गो हुन्छ की तैपनि दुःख सुख मान्छेहरूले लगाए कै हुन्छन । अफ्सोस् सुन लगाएको सबैले देख्छन् । गुन लगाएको कसैले देख्दैनन् । घमण्डको पट्टि लगाएका आँखाहरूले।



**सोम खड्का**
twitter.com/SomKhadka7
जन्म आफ्नो हात मा छैन; मर्नु आफ्नो हातमा छैन; तर जीवनलाई आफ्नो तरीकाले कसरी जिउनु यसको कला आफ्नो हातमा हुन्छ; मुस्कुराउदै गर्नुस; सबैको दिलमामा ठाउँ बनाउदै गर्नुस ।

# शैक्षिक तथा व्यावसायीक भवन शिलान्यास

**भञ्ज्याङ समाचारदाता**/दमौली

आदिकवि भानुभक्त क्याम्पसले शैक्षिक तथा ब्यावसायीक भवनको आइतवार शिलान्यास गरेको छ । व्यास नगरपालिकाका नगरप्रमुख बैकुण्ठ न्यौपानेले भवनको शिलान्यास गर्दै क्याम्पस शैक्षिक योग्दानमा पुऱ्याएको योग्दानको चर्चा गरेका थिए। नगरपलिकाको आर्थिक अनुदान सहयोगमा निर्माण गर्न लागिएको भवन चालु आवमा २५ लाख र आगामि आवमा ३० लाख गरी ५५ लाख रकम विनियोजन गरेको नगरप्रमुख न्यौपानले जानकारी गराए ।

दमौली वेलवास सडक खण्डसंगै जोडिएको क्याम्पसको लालपुर्जाको जग्गामा वारपार खण्ड खण्डमा चरणवद्ध बन्न लागेको ४ तले उक्त भवनको भुइ तला व्यापारिक तथा ब्यावसायीक प्रयोजनका लागि प्रयोग गरिने भएको छ । भवनको अन्य तलाहरू शैक्षिक प्रयोजनका लागि क्याम्पसले प्रयोगमा ल्याउने गरी भवन डिजाइन गरिएको क्याम्पसले जनाएको छ ।

समुदायद्वारा व्यवस्थापन गरिएको यस क्षेत्रको महत्वपूर्ण उच्च शिक्षाको गन्तव्य बन्न सफल आदिकवि भानुभक्त क्याम्पसको शैक्षिक पूर्वाधार निर्माणमा ब्यास नगरपालिकाले निरन्तर आर्थिक सहयोग गर्दैआएको र यस भवन निर्माण पछि क्याम्पसको दिगो आम्दानीको श्रोत जुट्ने क्याम्पस सञ्चालक समितिका अध्यक्ष ब्रह्मदत्त तिमल्सेनाले बताए ।

उक्त भवन क्याम्पस निर्माण तथा उपभोक्ता समिति आफैले निर्माण सामग्री खरिद गरी निर्माण श्रमीक दैनिक हाजीरीमा खटाएर निर्माण गर्न लागेको क्याम्पस निर्माण तथा उपभोक्त समितिका अध्यक्ष दिल बहादुर दरैले बताए ।

दरैको अध्यक्षतामा आयोजित शिलान्यास कार्यक्रममा क्याम्पस सञ्चालक समितिका निवर्तमान अध्यक्ष रामचन्द्र बस्नेत, उपाध्यक्ष बुद्धिमान श्रेष्ठ, क्याम्पस सल्लाहकार समितिका सदस्य विश्व बास्तोला, छात्रावास व्यवस्थापन समितिका अध्यक्ष केश बहादुर सुनार, क्याम्पस प्रमुख महाप्रसाद हड्खले लगायतले आ-आफ्ना विचार व्यक्त गरेका थिए।







भञ्ज्याङ पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित भञ्ज्याङ राष्ट्रिय दैनिक पत्रिकाको लागि सम्पादक : नारायण खड्का ।
कार्यालय : ब्यास-२, दमौली, तनहुँ । फोन: ०६५-५६०९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com मुद्रण :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४